# संघीयताको स्थायित्वः सञ्जालीकृत शासन प्रणालीको आवश्यकता



राजु श्रेष्ठ

राज्य एक्लै जाउको रणनीति (गो एलोन ईस्ट्राटेजी) हुदै ठूलो अनि केन्द्र शक्तिशाली भएको राम्रो र प्रभाबकारीको अवधारणा हुदै आज संघीय संरचनामा पदार्पण गरेको अवस्था छ । संघीय संरचना एक आदर्श शासन प्रणाली हो जुन सबैमा जगजाहेर नै छ । तर यसको चिरस्थायीको लागि चिन्ता गर्नु पर्ने अवस्था सिर्जना भएको छ । नेपालको संबिधान २०७२ को धारा २३२ मा स्पष्टसंग उल्लेख गरिएको छ कि संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध तीन "स" सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ । जसलाई हामी सुनौलो त्रिकोणको सम्बन्ध पनि भनेर बुझिन्छ । तर शासन संञ्चालनको मूल आधार संबिधान हो भनेर बुझिए पनि यो बुझाई सर्बसाधारण नागरिकको लागि मात्र हो शासकहरूको लागि होईन भन्ने जस्तो अर्थ लागेको भान भएको छ यति बेला जनमानसमा । यसको मतलब केन्द्रीय तह जुन आज हामी संघ भनेर बुझ्दछौ जसले अधिकार, स्रोत साधन अनि अवसर आफू भन्दा तल नझार्ने, अनि बिचको सरकार जुन हामी प्रदेश सरकार भनेर बुझ्दछौ उसले संघीय सरकारसंग अधिकार र शक्ति माग्ने अनि स्थानीय तहलाई आफूले समन्वयकारीको भूमिकामा रहि सबल बनाउनु पर्छ भन्ने कुरा बिर्सने । त्यस्तै स्थानीय तह जुन नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संबिधान २०७२ ले बोकेको सपना "**समृद्धिको निर्माण, समृद्धिको आदानप्रदान अनि समृद्धिको टिकाउ**" लाई आम नागरिकको दैनिक जीबनमा अनुबाद गर्न सबल, अब्बल, क्रियासिल अनि समृद्धिको आधारको परिकल्पना गरिएको छ । यस्तो महत्वपूर्ण भमिका नबुझी अरूबाट मागेर काम चलाउने मगन्तेको ब्यबहार प्रदर्शन गरेको बेलामा संघीयताको स्पष्ट सैद्धान्तिक र अवधारणगत बुझाईएको कमीको कारणले नेपालको बामे सर्दे गरेको संघीयता धरापमा पर्ने प्रबल लक्षणहरू देखा परेको कारणले यसको चिर स्थायीत्वको लागि राज्य कुन ढङ्गबाट अगाडि बढ्दा स्थायीत्व प्राप्त गर्न सक्छ भन्ने कुरा यति बेला सबैको चासो, सोच, चिन्तन, बहस र छलफलको बिषय भएको छ ।

अहिले मुलुक अंग्रेजीको एउटा शब्द "मेटामोरफोसिस" जसको अर्थ "रूप परिवर्तन गर्नु" हुन्छ यो शब्दको अर्थसंग सन्निकट रहेको देखिन्छ । हिजो एकात्मक शासन प्रणालीमा टप लेभल देखि बटम लेभल सम्म अर्थात माथिबाट आदेश दिने र तलबाट आदेश कुर्ने र त्यसको पालना गर्ने संस्कारमा रमायौं । जहाँ हाईर्यारर्की, अटोक्रेसी, ब्युरोक्रेसी, र म्यानेजमेन्ट जस्ता शब्दहरूले स्थान पाए जसको फलस्वरूप राज्यको कार्य सम्पादनको गुणस्तरमा क्रमशः ह्रास हुदै जान थाल्यो । सरकारी संगठनहरू मरणसील ( ईन्स्टीट्युसनल ईस्क्लेरोसिस) अवस्थामा पुगे । गुणस्तरमा संकट देखा पर्न थाल्यो । जनताको असन्तुष्टिका आवाजहरू गुन्जायस हुदै जान थाले । जसको कारणले आज हामीले संघीयता प्राप्त गर्न सफल भएका छौं । सदियौं देखिको एकात्मक राज्य प्रणालीको ह्याङओभर अझै पनि देखिएको छ । अब संघीयताको नयाँ अध्यायमा परिष्कृत भएर जानुको बिकल्प छैन । संघीयताको चीर स्थायीत्वको लागि नयाँ संस्करणमा नयाँ शैलीबाट जानु आवश्यक देखिन्छ । माथि उल्लेखित चार वटा शब्दहरू क्रमशः हाईर्यारर्की, अटोक्रेसी, ब्युरोक्रेसी र मेनेजमेन्टलाई अर्को चार वटा शब्दहरू जस्तैः हेटारर्की, डेमोक्रेसी, कल्याबोरेसन र सेल्फ मेनेजमेन्टको स्पिरीटले बिस्थापित गरी अगाडि बढ्नु पर्ने समय आएको छ । यसको लागि चार पाँच वटा पक्षहरूमा ध्यान पुर्याउन जरुरी देखिन्छ । प्रथमतः संघीय संरचनाको संघ, प्रदेश र स्थानीय तहले अब ठाडो (भर्टिकल) सम्बन्धमा होईन समतलीय (होरिजेन्टल) सम्बन्धमा काम गर्न सिक्नु पर्छ । किन कि संघीय संबिधान मुलुत दुई वटा सिद्धान्तहरू क्रमशः स्वशासन (सेल्फ रुल) र सह शासन (सेयरड रुल) मा आधारित छन् । यसलाई सैद्धान्तिक र ब्यवहारिक पाटोबाट कार्यान्वयनमा ल्याउन

सक्नु पर्छ । दोस्रोः अहिले मुलुकमा मात्र नभएर बिश्व परिवेशमा गैर राज्य पात्रहरू च्याउ उम्रे जस्तै उम्रेका छन । सशक्त भएर उदाएका छन । सरकारको स्टेज लिएका छन् । सरकारको कार्य जस्तैः सेवा प्रवाह, समस्या समाधान र नीति निर्माण जस्ता कार्यहरूमा सक्रिय भएका छन् । यस परिवेशमा सरकारले आफूलाई  नन डेलिभरी फङ्सनमा सीमित राखेर स्मार्ट पोलिसीका साथ गैर राज्य पात्रहरूलाई डेलिभरी फङ्सनमा ब्यस्त गराउनु पर्छ । तेस्रोः मुलुकमा राज्य र नागरिकसंग सम्बन्धित समस्याहरू हिजोको भन्दा आज धेरै, हिजोको भन्दा आज जटिल र हिजोको भन्दा आज झन अन्तरसम्बन्धित बन्दै गएका छन् । सरकारको एक्लो प्रयास र सीमित स्रोत साधनले समाधान गर्न सक्ने देखिदैन । किन कि ती समस्याहरूलाई समाधान गर्न आवश्यक स्रोत, साधन, शक्ति र उपायहरू धेरै ब्यक्ति तथा संगठनहरूसंग छन् । तिनीहरूलाई एक ठाँउमा ल्याई तिनीहरूसंग भएको स्रोत, साधन, शक्ति र उपायहरूको सदुपयोग गर्न सकेको खण्डमा मात्र समृद्धिको सपना बिपनामा अनुबाद गर्न सकिन्छ । त्यसैले सरकार अब सञ्जालीकृत शासन प्रणालीमा जानै पर्छ ।  चौंथोः सूचना तथा सञ्चार प्रबिधिको चमात्कारीले र नागरिकहरूको पटक पटकको आन्दोलनले भित्र्याएको राजनीति परिवर्तनका कारणले जनताहरू हिजो भन्दा आज शैक्षिक रूपमा उच्च शिक्षित, राजनीतिक रूपमा सचेत र बिश्वब्यापी रूपमा सन्निकट सम्बन्ध राख्ने भएका छन् । यी नागरिकहरूले राज्यबाट आशा गरिएका सपनाहरू चुलिएका छन् । यस्तो अवस्थामा संघ, प्रदेश र स्थानीय तहले आफूलाई स्वचालित र शक्तिशाली सम्झेर आ-आफ्नो शैलीले अगाडि बढेर हुदैन । यी तीन तहहरू बीच सहकार्यको आवश्यक छ । भनिन्छ, संघले अभिभाबकत्वको भूमिका निर्वाह गर्न सक्नु पर्छ । प्रदेशले समन्वयकारीको भूमिका निर्वाह गर्न सक्नु पर्छ भने स्थानीय तहले संघ, प्रदेशसंग सहकार्य गर्दै लोकतन्त्रको प्रतिफल नागरिकको घर आँगनमा बाड्दै हिड्न सक्ने बलियो आधार निर्माण गर्न सक्नु पर्छ । अनि मात्र संघीयताको मर्म सामान्य नागरिकले समेत सोझो र सामान्य भाषामा बुझ्न सक्ने हुनेछ । पाँचौः राज्यको सपनालाई बिपनामा अनुबाद गर्ने अर्को सशक्त संयन्त्र भनेको ब्युरोक्रेसी हो अर्थात मुलुकको प्रशासन । संघीयता भनेको रानजीतिक परिवर्तन र बित्तिय हस्तान्तरण गर्नु मात्र होईन । प्रशासन पनि संगसंगै अर्थपूर्ण रूपमा परिवर्तन भएर जान आवश्यक हुन्छ । तर यतिबेला शासक वर्गहरूमा यो पक्षमा ध्यान पुग्न नसकेको जस्तो देखिन्छ । कर्मचारीतन्त्रलाई वेवास्ता गरेको अनुभूति भएको छ । यदि यो साचो हो भने मुलुकले अझै कति समय सम्म संक्रमणको सकस खेप्नु पर्ने हो । तसर्थः जति सक्दो चाडो राज्यको प्रशासन संयन्त्रलाई राजनीति परिवर्तन अनुकुल अर्थपूर्ण रूपान्तरित गरेर मुलुकको शासनको बाहकको रूपमा रहेको शासकहरू र मुलुकको प्रशासनको बागडोर सम्हालेका प्रशासकहरू बीच अर्थपूर्ण सहकार्य, समन्वय र सहअस्तित्व कायम गरी संघीयताको प्रतिफल नागरिकहरूलाई बाड्न सक्नु पर्छ । अनि मात्र मुलुकले समृद्धिको नाममा नेपाली मुलको स्वच्छ आकासको हावा लिई निर्भिकताका साथ श्वास फेर्ने अवसर प्राप्त गर्ने छन् ।

अन्तमा, नेपाली समाज एकात्मक शासन प्रणालीबाट अर्थपूर्ण बर्हिगमन गर्दे  माथि उल्लेखित सञ्जालिकृत शासन प्रणालीका उपायहरूको अबलम्बनका साथ आधुनिक संघीय समृद्ध मुलुकको रूपमा पदार्पण गर्नु पर्छ । यस सन्दर्भमा फ्रिडम हाउसको फ्रिडम इन द वर्ड (२०१८) को प्रतिवेदन "लोकतन्त्रमा संकट" (डिमोक्रेसी इन क्राईसिस) मा मुलुकको १९५ राष्ट्रहरूमा गरिएको अध्ययनमा नेपालमा केहि हिंसात्मक गतिबिधिहरूको बाबजुद पनि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संबिधान प्राप्त गरेको छ । सो संबिधान बमोजिम प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको निर्बाचन सम्पन्न भएको छ जसले लोकतन्त्रको अभ्यास गर्न सकारात्मक संकेत देखिएको छ भन्ने कुरा उल्लेख गर्नुले पनि हाम्रो समृद्ध मुलुकको सपनाको आशाहरू ओईल्याउन नदिई ताजा नै रहन उर्जा थपिदिएको आभास हुन्छ । भनिन्छ, प्रणाली भन्दा पनि सेवा प्रवाह चाहिएको छ । सबै नागरिकको आवश्यकतालाई सम्बोधन गर्ने गरी शासन सञ्चालन आजको आवश्यकता हो । तसर्थः प्रस्तुत सन्दर्भमा सञ्जालीकृत शासन प्रणाली अचुक अस्त्र बन्न सक्ने सम्भाबना देखिन्छ ।

article@kmg.com